फो.नं.: ०१०-५४

# कालिका गाउँपालिका

## अत्यावश्यक औषधि खरिद सम्बन्धी दरभाउपत्रको सूचना

**सिलबन्दी दरभाउपत्र नं.१/२०७५/०७६**

**प्रथम पटक प्रकाशित मिति २०७४।६।१४**

आ.ब. २०७५।०७६ को वार्षिक कार्यक्रम अनुसार यस कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई निशुल्क स्वास्थ्य कार्यक्रमको लागि अत्यावश्यकीय औषधी सिलवन्दी दरभाउपत्रद्वारा खरिद गर्नको लागि यो दरभाउपत्र आव्हान गरिएको छ ।

१. स्थानिय पत्रिकामा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र रू. १,०००।- (अक्षेरुपी एक हजार रुपैया) फिर्ता नहुने गरी यस कार्यालयमा नगद बुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समयभित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयंबाट दरभाउपत्र खरिद गर्न सक्नेछन् । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. ०७५/७६ का लागि नविकरण गरिएको सम्वन्धित विषयको कारोवार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, औषधि व्यवसायी प्रमाण-पत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपी र आ.ब. २०७४।७५ को कर चुक्ता गरेको प्रमाण पत्र वा करमा विवरण पेश गरेको कागजातका प्रतिलिपिहरु संलग्न राखी दरभाउपत्र फाराम खरिद गर्न निवेदनसाथ पेश गर्नुपर्नेछ ।

२. प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी यस कार्यालय, धुन्चे रसुवामा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरू १६ औं दिनको २:०० बजे कालिका गाउँपालिकामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोवहरमा यस कार्यालयमा खोलिनेछन् । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापत बोल कबोल रकमको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुने रकम रु...................।- अक्षरुपी ....................................( कालिका गाउँपालिकाको नेपाल बैंक लिमिटेड धुन्चेमा रहेको धरौटि खाता नं. १११०३००००००३००००७ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा दरभाउपत्रको मान्य अवधिबाट थप ७५ को म्याद भएको (दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

४. वोलपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । वोलपत्रमा केरमेट भएको ठाउँमा सहीछापगरेको हुनु पर्नेछ ।

५. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभाउपत्रमा उल्लेख भएका औषधीहरुको परिमाण थपघट हुन सक्नेछ । यसरी थपघट भएतापनि दरभाउपत्रदाताले कवोल गरेकै दररेटमा उपलव्ध गराउनु पर्नेछ । स्वीकृत वजेटको स्थिति अनुसार खरिद गरिनेछ । साथै स्वीकृत भएको दररेट २०७६ साल असार मसान्तसम्मको लागि मान्य हुनेछ ।

६. दरभाउपत्रदाताले आफुले खरिद गरेको दरभाउपत्र दर्ता गराउन पर्नेछ । फोटोकपी गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईने छैन । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै दरभाउपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्य हुने छैन ।

७. दरभाउपत्रदाताले मूल्य अंकित औषधीमा वढि दर राखी दिन पाईने छैन । स्वीकृत वोलपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरिद गरिने छ । साथै सप्लाई गरिने औषधीको म्याद कम्तीमा १८ महिना वा ७५% म्याद भएको हुनु पर्दछ ।

८. बोतलहरुमा सप्लाई गरिने आइटमहरु सबै प्लाष्टिक बोतलमा हुनुपर्नेछ ।

९. रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । साथै दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधि भित्र औषधी बुझाउनु पर्नेछ र औषधीको केही अंश अथवा सम्पूर्ण औषधी नै बुझाउन नसकेमा सार्वजनिक खरिद सम्वन्धी ऐन, नियम वमोजिम नै कारवाही हुनेछ सम्पूर्ण करहरु दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१०. कार्यालयमा आपूर्ति गर्न औषधि तथा सर्जिकल सामानहरुको ढुवानी दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

११. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, एक्स्पायरी मिति, ब्याच नम्बर स्पष्ट रुपमा र **"नेपाल सरकारको नि:शुल्क स्वास्थ्य सेवाको लागि वितरण"**भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ ।

१२. दरभाउपत्र फाराममा प्रत्येक औषधि आइटमवाइज उत्पादन कम्पनी (WHO GMP Certified Company) को नाम अनिवार्यरुपले भर्नुपर्नेछ । सुई, धुलो तथा झोल औषधिहरु वाहेक अन्य सम्पूर्ण औषधिहरु स्ट्रिपमा आपूर्ति गर्नुपर्नेछ ।

१३. सबैभन्दा कम बोलकवोल गर्ने फर्म तथा सप्लायर्सको बोल पत्र स्वीकृत गरिनेछ ।

१४. दरभाउपत्रदाताले खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

१५. उपरोक्त सर्त वाहेक यसमा नपरेका सर्तहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलिन ऐन नियम वमोजिम हुनेछ । दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत